मितिः २०७८/०४/०१

विषयः आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन सम्बन्धमा।

प्रिय सहकारीज्यू,

विनियोजन ऐन, २०७८ बमोजिम आर्थिक वर्ष २०७८/७९ का लागि सहकारीज्यू अन्तरगतका निकायहरूका लागि छुट्टाइएको रकमको प्रचलित कानुन बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट हुने विश्वास लिएको छु। विनियोजन ऐन, २०७८ कार्यान्वयनको सन्दर्भमा थप स्पष्टता सहित देहायको मार्गदर्शन यहाँको जानकारीको लागि प्रेषित गरेको छु।

आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम नै गर्नु गराउनुहुन अनुरोध गर्दछु।

१. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन २०७८ साउन १ गतेदेखि लेखा उत्तरदायी अधिकारीलाई हुनेछ। प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक/इकाई कार्यालयहरूले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्नेछन्।
२. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा समावेश भएका कुनै कार्यक्रमलाई संशोधन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिनुपर्नेछ। तर चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयका सचिवस्तरबाट संशोधन गर्न सकिनेछ। यसरी कार्यक्रम संशोधन गर्दा साबिकको बजेट घट्ने देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक/इकाई कार्यालयबाट बजेट रोक्का राखेको पत्र प्राप्त भएपछि मात्र संशोधन गरिनेछ।
३. सरकारी खर्चमा मित्व्ययीता अपनाउन सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम कार्यान्वयन गर्नुहुनेछ।

४. नयाँ कार्यालयका लागि राखिएको कार्यक्रम वा एकमुष्ठ बजेटको बाँडफाँटको प्रस्ताव यस मन्त्रालयबाट सहमति लिई स्वीकृत कार्यक्रम सहित कार्यालय स्थापना भएको १० दिनभित्र खर्च गर्न अख्तियारी प्रदान गर्नुहुनेछ।

५. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरी विनियोजन ऐन, २०७८ मा स्वीकृत नभएका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुहुने छैन। स्रोतको सुनिश्चितता नगरी वा विनियोजित बजेटभन्दा बढी दायित्व सृजना हुने गरी सुरू गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि यस मन्त्रालयबाट थप निकासा, रकमान्तर, स्रोतान्तर गरिने छैन।

६. नियमानुसार कार्यक्रम संशोधन गर्नुपरेमा कार्यक्रमको संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर, थप निकासा लगायतका प्रक्रिया पुरा गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि स्वीकृत गरिसकेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ। चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा वहुवर्षीय ठेक्का/खरिद गर्नुपरेमा पछिल्ला वर्षहरूको स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ।

७. चालु खर्च शीर्षक अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महंगी भत्ता, पोशाक भत्ता, भाडा, पानी, बिजुली, सञ्चार महसुल जस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्टयाई बाँकी रकम अन्य कार्यका लागि बाँडफाँड गर्नु गराउनु हुनेछ। अनिवार्य दायित्व वापत बाँडफाँट कम गरेको कारणबाट सृजित दायित्वका लागि रकमान्तर तथा थप निकासा हुने छैन।

८. खर्च शीर्षक नं. २८९११- भैपरी आउने चालु खर्च र खर्च शीर्षक नं ३१५११- भैपरी आउने पुंजीगत खर्चमा विनियोजित बजेट अर्थ मन्त्रालयबाट रकमान्तर तथा बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नुहुनेछ।आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनकरूपमा कार्यान्वयन नभएका वा हुन नसक्ने कार्यक्रमको सम्पूर्ण बजेट चैत्र १ गतेभित्र अनिवार्यरूपमा फिर्ता (समर्पण) गर्नुहुनेछ।

९. गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ र विनियोजन ऐन, २०७८ को दफा ५ को उपदफा (६) बमोजिम प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई बिचार गरी अर्थ मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेकका विनियोजित रकममा आवश्यकता अनुसार जुनसुकै समयमा पूर्ण वा आंशिकरूपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

१०. वार्षिक बजेटले लिएको लक्ष्य उद्देश्य र प्राथमिकता बमोजिम उपलब्धि गुणात्मकरुपमा समयमै प्राप्तिका लागि आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा कार्यान्वयनपूर्वका सम्पूर्ण प्रकृया पूरा गरी कार्यान्वयनमा लैजान मन्त्रालय वा निकायले मातहतका कार्यालयमा कार्यक्रम बाँडफाँट गरी कार्यान्वयनको लागि पठाउनु पर्ने भएमा असोज मसान्तभित्र पठाइसक्ने व्यवस्था मिलाउनु हुनेछ।

११. नेपाल सरकारको नीति-निर्देशन, प्राकृतिक विपत्ति, विपद र विशेष अवस्थामा बाहेक दोस्रो चौमासिक अवधिसम्म/अर्धवार्षिक बजेट समीक्षासम्म कुनै प्रकारका थप निकासा/ रकमान्तर मागलाई अर्थ मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/ गराउनु हुनेछ।

१२. नेपाल सरकारबाट हस्तान्तरित सशर्त अनुदानका आयोजना तथा कार्यक्रम संशोधन गर्नुपरेमा नेपाल सरकार, अर्थ मन्त्रालयको बजेट मार्गदर्शन र आयोजना तथा कार्यक्रमको उद्देश्य, बजेट उपशीर्षक र खर्च शिर्षकमा परिवर्तन नहुने गरी यस मन्त्रालयबाट संशोधन गराउनु हुनेछ।

१३. विनियोजन ऐन, २०७८ को दफा ५ को उपदफा (२) बमोजिम गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम कुनै स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई माघ मसान्तभित्रमा अर्थ मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारी दिने गरी सहमति दिन सक्नेछ।

१४. नेपाल सरकारबाट सशर्त अनुदानमा समावेश भएको वैदेशिक स्रोतको खर्चको विवरण संघीय सरकारको सम्बन्धित/विषयगत मन्त्रालयमा उपलब्ध गराई सोधभर्नाका लागि आवश्यक सहयोगको व्यवस्था मिलाउनुहुनेछ। यसैगरी यस्ता प्रकृतिका कार्यक्रम तथा खर्चको अभिलेख राख्ने व्यवस्था अनिवार्य रूपमा पालना गराउनु हुनेछ।

१५. बजेट तथा कार्यक्रममा समावेश भएका आयोजनाहरू/कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को प्रक्रिया पुरा गर्दै २०७८ कात्तिक मसान्तभित्र ठेक्का सम्झौता गरी कार्य सुरू गर्न कार्यदेश दिने व्यवस्था मिलाउनुहुनेछ।

१६. आयोजना तथा कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने स्वीकृत कार्यविधि बमोजिमको थप कार्यविधि, निर्देशिका र नियमावली तर्जुमा तथा संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गर्नुहुनेछ। आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति र संरचना सहितको व्यवस्था मिलाउनु पर्नेछ।

१७. बहुवर्षीय रूपमा अगाडी बढाउनुपर्ने आयोजना तथा कार्यक्रमको लागि आवश्यकता, सरकारको प्राथमिकता, प्रभाव, स्रोतमाथि हुने दवाव, मध्यमकालीन खर्च संरचना, विकास पूर्वाधार निर्माण र लगानीमा सन्तुलन, लाभान्वित जनसंख्याको आकार, पुंजी निर्माणमा सहयोग, राजस्व परिचालनमा योगदान हुने जस्ता पक्षको सूचकांक, प्रचलित अन्य कानुन र वहुवर्षीय ठेक्का बन्दोबस्ती सम्बन्धी निर्देशिका, २०७५ समेतका आधारमा यस मन्त्रालयको पूर्वसहमति लिनुहुनेछ।

१८. पुंजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न सकिने छैन। पुंजीगततर्फ विनियोजित बजेट जतिसुकै रकमको भए पनि अर्थ मन्त्रालयबाट मात्र रकमान्तर हुनेछ।

१९. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कार्यालयबाट बजेट रोक्का राखेको जानकारी पत्र र अर्थ मन्त्रालयले निर्दिष्ट गरेको फारम अनुसारको विवरण सहित रकमान्तर माग गर्नु गराउनु हुनेछ।

२०. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनुहुनेछ। यी खर्च शीर्षकहरूबाट अर्थ मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिनेछैन। तोकिएको निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नुहुनेछ।

२१. स्वीकृत दरबन्दी, पदपूर्ति र रिक्त अवस्था तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करारका कर्मचारीहरूको व्यवस्थापन गर्नुहुनेछ।

२२. पानी, बिजुली, संचार महसुल, इन्धन, मसलन्द, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च, क्षमता विकास जस्ता प्रशासनिक खर्चमा मितव्ययिता अपनाई खर्च गर्नुपर्नेछ। साथै, सशर्त अनुदानबाट यस्ता कार्यक्रमका लागि बजेट प्राप्त भएकोमा दोहोरो नपर्ने गरी मिलाउनु हुनेछ। स्थानीय तहका प्रतिनिधि समावेश गरिने कार्यक्रम कार्यान्वयन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गरी विषयगत मन्त्रालयका मिल्दोजुल्दो कार्यक्रमहरु एउटै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउनुहुनेछ ।

२३. यस ऐन बमोजिम गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगत तर्फको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकाय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको पूर्व सहमति लिई माघ मसान्तभित्रमा यस मन्त्रालयमा लेखी पठाएमा त्यस्तो कार्यक्रम कार्यान्वयनका लागि

खर्च गर्ने अख्तियारी दिने गरी सहमति दिन सक्नेछ। तर प्रशासनिक खर्च तथा चालुतर्फका कार्यक्रमको लागि नेपाल सरकारका निकायलाई कुनै पनि रकम उपलब्ध गराउन सहमति माग गर्नुहुने छैन।

२४. कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्बत् २०७८ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी महालेखा परीक्षकको कार्यालय, यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु हुनेछ।

२५. आर्थिक वर्ष प्रारम्भ भएपछि नेपाल सरकारबाट प्राप्त हुने कुनै पनि कार्यक्रम र बजेटको हकमा प्राप्त भएको मितिले पन्ध्र दिनभित्र रकमान्तर/बाँडफाँटको प्रस्ताव प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) प्रविष्टी गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाइसक्नु पर्नेछ। यसरी रकमान्तर/बाँडफाँटबाट स्वीकृत रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ।

२६. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा समावेश भएको वार्षिक कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा वार्षिक लक्ष्य नघट्ने गरी सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ। तर राजपत्रांकित प्रथम श्रेणी वा ११ औं तहको कार्यालय प्रमुखको हकमा निज स्वयंले संशोधन गर्न सक्नेछ।

२७. प्रचलित कानूनले व्यवस्था गरेका समिति, कार्यदल, परिषद्को न्यूनतमरुपमा पाक्षिक, मासिक, चौमासिक, अर्धवार्षिक वा वार्षिक बस्नुपर्ने गरी तोकिएका बैठकमा मात्र बैठक भत्ता खर्च लेख्न पाइनेछ। यस्ता प्रकृतिका समिति, कार्यदल, परिषद्को न्यूनतम तोकिए भन्दा थप बैठक बस्नुपर्ने देखिएमा आवश्यकता र औचित्य खुलाई अर्थ मन्त्रालयको सहमति लिएर बैठक बस्न र बैठकको खर्च लेख्न सकिनेछ ।

२८. आयोजना/ कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि तर्जुमा परिमार्जन परामर्श सेवा खरीद नगरी सरकारी निकायबाटै गर्ने प्रबन्ध र प्रणाली अबलम्बन गर्नुहुनेछ।

२९. नयाँ स्थापना हुने कार्यालय बाहेक साबिकको कार्यालयको लागि थप फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर, एसी, फोटोकपी मेसिन खरिद नगरी सम्भव भएसम्म मर्मत सम्भार गरेर प्रयोग गर्ने नीति अवलम्बन गर्नु हुनेछ।

३०. सबै सरकारी निकायले विनियोजन बाहेकको आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अर्थ मन्त्रालयको सहमति लिएर मात्र गर्नुपर्नेछ। पूर्व सहमति नलिई हुने थप दायित्व सिर्जनामा यस मन्त्रालय जवाफदेही हुने छैन।

३१. विनियोजन ऐन, २०७८ बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ। योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनुहुनेछ।

३२. राजस्व तथा खर्चको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको कम्प्युटर प्रणालीबाट राख्ने व्यवस्था मिलाउनु हुनेछ।

३३. सबै मन्त्रालयबाट मासिकरूपमा बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

३४. आर्थिक वर्ष २०७८/७९ को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको वेवसाइट moeap.gandaki.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(रमेशकुमार केसी)
प्रदेश सचिव

श्री प्रदेश सचिव, (बैठक तथा प्रशासन महाशाखा)
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
गण्डकी प्रदेश, पोखरा, नेपाल।

**<u>संलग्न</u>**

| | |
|---|---|
| विनियोजन ऐन, २०७८ | १ प्रति |
| आर्थिक ऐन, २०७८ | १ प्रति |
| आर्थिक वर्ष २०७८/७९ को व्यय अनुमान | १ प्रति |
| आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य | १ प्रति |
| आर्थिक वर्ष २०७८/७९ को वार्षिक विकास कार्यक्रम | १ प्रति |